स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाह अभिनित चलचित्र "आबाट आमा २" को टिजर चलचित्रको चर्चा बढेको छ। दसैंको अवसर पारेर असोज ३० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म "आ बाट आमा २"को टिजर सार्वजनिक गरिएको छ। चन्द्र पन्तको निर्देशनमा बनेको फिल्मको टिजरले आमाको महत्वलाई दर्शाएको छ। विपना थापा र पल शाहलाई आमा(छोराको रूपमा प्रस्तुत गर्दै आमा जीवित हुँदै माया गर्नुपर्छ भन्ने सन्देश टिजरले दिएको छ।

**आजको विचार...**



पदम न्यौपाने

**तानसेनले...**

*(दुई पेजमा)*



अभिनेता भुवन केसीको निर्देशन रहेको फिल्म "बाटुलो जून" भाइटिकाको भोलिपल्ट अर्थात् कातिक २६ गतेबाट प्रदर्शनमा आउने भएको छ। निर्माण युनिटले बुधबार फिल्मको एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति जानकारी दिएको हो। यसअघि फिल्मलाई दसैंमा रिलिज गर्ने भनिए पछि प्रदर्शन मिति तिहारपछि पुऱ्याइएको हो। फिल्मको सार्वजनिक पोस्टरमा अनमोल केसी र प्रिन्सी खतिवडा प्रेमिल मुद्रामा देखिएका छन्। अनमोलको लुक्सले ५० को दशकको झल्को दिन्छ।

❒ वर्ष ३२ ❒ अंक ६९ ❒ २०८३ असोज ८ गते बिहीबार 24 September 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# भोटेकोशी बाढीपीडितका लागि पाल्पाका स्थानीय तहले एक करोड ७१ लाख सहयोग गर्ने

**रामचन्द्र रायमाझी/रासस**

**पाल्पा,** असोज ७/भोटेकोशी बाढीबाट प्रभावितका नागरिकको राहत, उद्धार तथा पुन:स्थापनाका लागि यहाँका स्थानीय तहले एक करोड ७१ लाख ३ सय १७ रुपैयाँ सहयोग गर्ने निर्णय गरेका छन् । रैनादेवी छहरा गाउँपालिका, माथागढी गाउँपालिका, तिनाउ गाउँपालिका, पूर्वखोला गाउँपालिका, रिब्दीकोट गाउँपालिका, रम्भा गाउँपालिका, बगनासकाली गाउँपालिका, रामपुर नगरपालिका, निस्दी गाउँपालिका र तानसेन नगरपालिकाले बाढीपीडितका लागि राहतस्वरुप उक्त रकम सहयोग गर्ने निर्णय गरेका हुन् ।

भोटेकोशी क्षेत्रमा बाढीका कारण ठूलो जनधनको क्षति भएपछि स्थानीय तह, संघसंस्था तथा विभिन्न क्षेत्रबाट राहत र पुन:स्थापनाका लागि सहयोग जुटाउने क्रम चलिरहेका बेला यहाँका स्थानीय तहले पनि पीडितको दु:खमा साथ दिने निर्णय गरेका हुन् । सबैभन्दा बढी रैनादेवी छहरा गाउँपालिकाले ३५ लाख ४४ हजार ३ सय ४५ रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको छ । पालिकाले स्थानीय विपद् व्यवस्थापन कोषबाट दुई लाख ५० हजार, जनप्रतिनिधिहरुबाट दुई लाख ५ हजार ९ सय ५०, कर्मचारीहरुबाट ६ लाख ४८ हजार ८१, शिक्षकहरुबाट २४ लाख २५ हजार ३ सय १४ र तीज गीत कार्यक्रमलाई छुट्याएको १५ हजार बजेट कटौती गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाउने निर्णय गरिएको अध्यक्ष रुक्माङ्गत भट्टराईले बताए । विपद्का बेला मानवीय सहयोग र स्थानीय सरकारको सामाजिक उत्तरदायित्वलाई ध्यानमा राख्दै कार्यपालिकाले सहयोग गर्ने निर्णय गरेको उनले बताए । अध्यक्ष भट्टराईले भोटेकोशी बाढीले गरेको क्षतिप्रति दु:ख व्यक्त गर्दै पीडित परिवारलाई तत्काल राहतसँगै दीर्घकालीन पुन:स्थापनाको आवश्यकता रहेको उल्लेख गरे । "विपद् जुनसुकै ठाउँमा आउन सक्छ । आज रसुवा, नुवाकोट लगायतका नागरिक समस्यामा हुनुहुन्छ, भोलि हामीमध्ये कोही पनि यस्तो विपद्को सामना गर्नुपर्ने अवस्था आउन सक्छ । त्यसैले पीडितको दु:खमा स्थानीय सरकारको तर्फबाट ऐक्यबद्धता जनाउँदै ३५ लाख ४४ हजार ३ सय ४५ रुपैयाँ सहयोग गर्ने निर्णय गरेका हौं," अध्यक्ष भट्टराईले भने । *-बाँकी अन्तिम पेजमा...*



## संक्षिप्त समाचार

### घरभित्रै चल्यो गोली, ११ जनाको मृत्यु

एजेन्सी

**काठमाडौं,** असोज ७/दक्षिण अफ्रिकाको डरबननजिकै एउटा घरमा पाटी चलिरहेका बेला गोली चल्दा ११ जनाको मृत्यु भएको छ । घटनामा अन्य तीन जना घाइते भएका छन् । प्रहरीका अनुसार मंगलबार राति डरबन सहरबाट करिब ३० किलोमिटर दक्षिणमा रहेको क्वामाखुथा टाउनसिपमा तीन जना बन्दुकधारी घरभित्र प्रवेश गरी अन्धाधुन्ध गोली चलाएका थिए । घटनामा मृत्यु हुनेमध्ये एक महिला गर्भवती रहेको आशङ्का गरिएको प्रहरीले जनाएको छ । घाइते तीन जनाको उपचार भइरहेको छ । प्रहरीका अनुसार घटनापछि आक्रमणकारीहरू फरार भएका छन् । उनीहरूको खोजी भइरहेको छ । गोली प्रहारको कारण खुल्न सकेको छैन । यद्यपि घटनामा संलग्न समूहबिचको द्वन्द्व वा आपराधिक समूहबिचको विवाद हुन सक्ने आकलन छ । प्रहरीले उक्त घरमा भेला भएका केही व्यक्ति आपराधिक गतिविधिमा जोडिएको पनि जनाएको छ । दक्षिण अफ्रिकामा पछिल्ला वर्षहरूमा यस्ता सामूहिक गोलीकाण्डका घटना बढेका छन् । गत जुनमा जोहानेसबर्गको एक गरिब बस्तीमा पनि बन्दुकधारीहरूले गोली चलाउँदा १२ जनाको मृत्यु भएको थियो ।

## कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानवहित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचार-प्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।

नेपाल सरकार


**विज्ञापन बोर्ड**

# तीन दिन भारी वर्षाको सम्भावना, सतर्कता अपनाउन आग्रह

**पाल्पा,** असोज ७/ नेपालमा ९ देखि ११ असोज सम्म भारी वर्षाको सम्भावना रहेकाले मौसमविद्हरूले सतर्कता अपनाउन आग्रह गरेका छन् । उत्तर अन्डमन सागर र आसपासका क्षेत्रमा बनिरहेको न्यूनचापीय प्रणाली थप बलियो बन्दै उत्तर-पश्चिम दिशातिर सर्ने देखिएको र यसले ल्याउनसक्ने अवस्था गम्भीर हुने भएकाले सतर्क रहन उनीहरूको आग्रह हुन् ।

मौसमविद्हरूले हुन सक्ने निरन्तर वर्षाका कारण बाढी/पहिरोको जोखिम हुने भन्दै लामो दूरीको यात्रा समेत स्थगित गर्न सर्वसाधारणलाई अनुरोध गरेका छन् । महाशाखाका अनुसार उत्तर अण्डमान सागर र आसपासका क्षेत्रमा विकसित न्यूनचापीय क्षेत्र हाल बंगालको खाडीको मध्य भूभाग आसपास रहेको छ । उक्त प्रणाली थप शक्तिशाली बन्दै बलियो न्यूनचापीय क्षेत्रका रूपमा विकसित भई पश्चिम-उत्तरपश्चिमतर्फ सर्ने देखिन्छ । यसको प्रभावस्वरूप बुधबारबाटै कोशी, बागमती र गण्डकी प्रदेशमा वर्षाको गतिविधि बढ्दै गएको छ । 'पानी त देशैभरि पर्छ र सबै प्रदेशमा भारी वर्षाको सम्भावना पनि छ,' महाशाखाका मौसमविद् हरिप्रसाद ढकालले भने, 'अति भारी वर्षा र अति भारी हिमपातको सम्भावना गण्डकी र लुम्बिनी प्रदेशमा छ, त्यसैले सतर्कता अपनाऔं ।'

वभागले सर्वसाधारण र सरोकारवालाका लागि सम्भावित मौसमी विपत्तिबारे विशेष बुलेटिन समेत पनि जारी गरेको छ । साथै हिमाली क्षेत्रका लागि रेड अलर्ट जारी गरेको छ, जसको अर्थ पूर्वतयारी गर्नु भन्ने हो । बुलेटिनअनुसार आगामी शुक्रबारदेखि आइतबारसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षाको सम्भावना रहेको छ । साथै मधेश प्रदेश, कोशी, बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा पनि मेघगर्जन, चट्याङ, हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको तथा कर्णाली प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ ।




**जोखिमप्रति यस्तो छ सरकारको तयारी** सम्भावित भारी वर्षा र त्यसबाट निम्तिन सक्ने बाढी तथा पहिरोको जोखिमलाई मध्यनजर गर्दै सरकारले नदीको अवस्था र सम्भावित विपद्को निरन्तर निगरानी गरी सर्वसाधारणलाई घण्टा-घण्टामा पूर्वसूचना (अपडेट) दिने भएको छ । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## विपत्ति आउनुअघि नै जागौं

विपत्ति कहिल्यै सूचना दिएर आउँदैन । भूकम्प, बाढी, पहिरो, आगलागी, महामारीजस्ता प्राकृतिक तथा मानवीय विपत्तिले एकैछिनमा ठूलो जनधनको क्षति पुऱ्याउन सक्छन् । विपत्ति रोक्न सधैँ सम्भव नहोला, तर त्यसबाट हुने क्षति भने पूर्वतयारी र सचेतनाबाट धेरै हदसम्म कम गर्न सकिन्छ । त्यसैले विपत्ति आएपछि पछुताउनुको सट्टा आउनुअघि नै सचेत र तयार हुनु आजको आवश्यकता हो । भोटेकोशीको बाढीले दिएको घाउ अझै निको भएको छैन । उद्धार, राहत र पुन:स्थापनाको काम पूरा नहुँदै अर्को सम्भावित विपत्तिको संकेत देखिएको छ ।

मौसमविद्हरूले असोज ९ गतेदेखि मौसमी प्रणाली सक्रिय हुँदै ११ गतेसम्म देशका विभिन्न क्षेत्रमा वर्षाको गतिविधि बढ्न सक्ने चेतावनी दिएका छन् । विशेषगरी शुक्रबार र शनिबार भारी वर्षाको सम्भावना रहेको बताइएको छ ।मौसम पूर्वानुमान महाशाखाका अनुसार बंगालको खाडी आसपास विकसित न्यून चापीय प्रणाली क्रमश: शक्तिशाली बन्दै नेपालतर्फ प्रभाव पार्न सक्ने देखिएको छ । यसका कारण कोशी, मधेस, बागमती, गण्डकीलगायतका प्रदेशमा वर्षाको गतिविधि बढ्न सक्ने अनुमान छ । कतिपय स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरीसहित भारी वर्षाको सम्भावना रहेको चेतावनीसमेत दिइएको छ । पश्चिम नेपाल, विशेषगरी लुम्बिनी र सुदूरपश्चिममा यसअघि नै विपद्को जोखिम देखिएको अवस्थामा थप वर्षाले परिस्थिति जटिल बनाउन सक्ने चिन्ता स्वाभाविक छ । यस्तो अवस्थामा मौसमको पूर्वानुमानलाई केवल सूचना ठान्नु ठूलो भूल हुनेछ । यो राज्य संयन्त्र र नागरिक दुवैका लागि पूर्वतयारीको संकेत हो । सरकारले सम्भावित विपत्तिलाई ध्यानमा राखेर तयारी थालेको छ । यसलाई सकारात्मक रुपमा लिनुपर्छ । तर विपद् व्यवस्थापन सरकारको मात्र जिम्मेवारी होइन । स्थानीय तह, सुरक्षा निकाय, विद्यालय, सञ्चारमाध्यम, गैरसरकारी संस्था र आम नागरिक सबैको साझा दायित्व हो । विपत्तिपछि राहतमा खर्च गर्नुभन्दा विपत्ति हुन नदिन र सम्भावित क्षति घटाउन पूर्वतयारीमा ध्यान पुऱ्याउन आवश्यक छ । सानो बेवास्ताले भोलि ठूलो मूल्य चुकाउनुपर्ने अवस्था आउन सक्छ । त्यसैले विपत्तिको प्रतीक्षा गरेर बस्ने होइन, सम्भावित जोखिम पहिचान गरेर समयमै कदम चाल्नुपर्छ । सचेतना, पूर्वतयारी र सहकार्य नै विपत्तिसँग जुध्ने बलिया आधार हुन् । यसर्थ समय आएको छ विपत्ति आएपछि जाग्ने होइन, विपत्ति आउनुअघि नै जागौँ ।

### Opinion @ Social Network

एक्लै भए पनि सही बाटो छोड्दिन,
सबैले विरोध गरे भन्दै मा सत्य गलत हुदैन..!
*(शान्ता गुप्ताको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Gupta)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेनले आफ्नै सम्भावना कहिले चिन्छ ?



**पदम न्यौपाने**

तानसेन एउटा शहर मात्र होइन । यो त इतिहासका सबै कालखण्ड प्राचिन, मध्य र आधुनिक, सबैको समिश्रण हो । यो इतिहास हो, संस्कृति हो, पहिचान हो, सम्भावना हो र एउटा लामो सभ्यताको स्मृति हो । तर आज यहाँ एउटा गम्भीर प्रश्न उठिरहेको छ,तानसेनले आफ्नै सम्भावनालाई किन इग्नोर गरिरहेको छ ? सामान्यतया: हामीले इग्नोर गर्नु भन्नाले यहाँ कसैले कसैलाई व्यक्तिगत रूपमा बेवास्ता गर्नु भन्ने बुझिन्छ । मानिसले 'इग्नोर' गर्ने कारण, उसको अज्ञानता, नियत वा सम्भावना नचिन्ने कमजोरीले हो । यसो हो भने के यो इग्नोरेन्स, अज्ञानता हो ? के यो नियत वा जानाजानी बेवास्ता गर्ने प्रवृत्ति हो ? वा "म गर्न सक्दिनँ भने अरूले पनि गर्न सक्दैनन" भन्ने मानसिकता हो ? र अर्को महत्वपूर्ण चरित्र भनेको अहंकार, घमण्ड, दम्भ र आफूलाई अरु भन्दा जान्ने र ठूलो ठान्ने प्रवृत्ति र व्यवहार हो । तर यहाँ त्यसो भनिएको होईन । जिज्ञासा अलि गहिरो छ, के तानसेनले आफूभित्र भएका अवसर, सम्पदा, बजार, पर्यटन, मानवस्रोत र आर्थिक सम्भावनालाई पर्याप्त रूपमा देख्न, बुझ्न र उपयोग गर्न सकेको छैन ? भन्ने हो । अबको ज्वलन्त प्रश्न यसको गम्भिर अध्ययन हुन सक्छ त ? यो प्रश्नले तानसेनको वर्तमान मात्र होइन, भविष्यसँग जोडिएका विविध सम्भावनाको प्रश्फुटनलाई सम्बोधन गरेको छ । हजारौं नगरवासीको चाहानालाई प्रतिविम्वित गर्ने प्रश्न हो । अब विषय प्रवेश र उल्लेखित जिज्ञासाको विश्लेषण गरौं । तानसेनले इग्नोर गर्छ कि तानसेनलाई नै इग्नोर गरिएको छ ? यो जिज्ञासालाई सबैभन्दा पहिले प्रश्न उल्ट्याएर हेरौं । तानसेनले आफ्नो सम्भावनालाई इग्नोर गरेको हो कि राज्य, निजी क्षेत्र, लगानीकर्ता, विज्ञ, युवा र स्वयं तानसेनवासीले तानसेनलाई पर्याप्त रूपमा बुझ्न नसकेका हुन् ? तानसेनको विगत अत्यन्त वजपूर्ण र गौरवपूर्ण छ । तर मुख्यकुरा इतिहासमा गौरव गर्नु र इतिहासलाई भविष्यको पूँजी बनाउनु फरक कुरा हो । हामी "तानसेन जिवन्त ऐतिहासिक शहर हो" भन्छौं । प्रकृति, संस्कृति, इतिहास र सम्पदाले परिपूर्ण नगर हो । तर यस इतिहासलाई आर्थिक गतिविधिसँग कसरी जोड्ने भन्नेमा कमजोर छौं , यो सत्य पक्ष हो । यसैगरी हामी "तानसेन सुन्दर छ" भन्छौं । तर त्यो सुन्दरतालाई पर्यटकीय अनुभवमा कसरी बदल्ने भन्नेमा अलमलिइरहेका छौं । हामी "पुरानो बजार हो राम्रो छ" भन्छौं । तर बजारको मौलिकता जोगाउँदै आधुनिक व्यापार कसरी विकास गर्ने भन्नेमा स्पष्टता देखाउन सकिरहेका छैनौ भन्ने देखाइरहेका छौं । हामीसँग सम्पदा छ, संस्कृति छ, प्रकृति छ, सीप छ, मानवस्रोत छ । तर के यी सबैलाई एउटै विकास रणनीतिमा जोड्ने दृष्टिकोण हामीसँग छ ? भन्ने जिज्ञासा जगाइ रहेका छौं । हामीसँग बजारको संरचना, वस्ति, घर र सम्पदाहरु मध्यकालिन छन् तर यि सबै हाम्रा सम्पति हुन् भन्छौं तर हामीले यी नै सम्पदाहरु र सम्पदा क्षेत्र अतिक्रमणमा मुखदर्शक बन्छौं र सहयोगी समेत बन्छौं । यी सबै व्यवहार इग्नोर गरिएका उदाहरण हुन् ।

### इग्नोर गरिनुका कारण

पहिलो कारण अज्ञानता नै हो । कुनै सम्भावनाको मूल्य थाहा नहुनु पनि त्यसलाई इग्नोर गर्नु हो । यदि कसैलाई सम्पदाकोको आर्थिक, सामाजिक र सांस्कृतिक मूल्य नै थाहा छैन भने उसले पुरानो घरलाई केवल "जीर्ण भवन" देख्न सक्छ । तर जानकार व्यक्तिले त्यही घरमा, इतिहास, वास्तुकला, पर्यटन,होटल, हेरिटेज र अर्वन होमस्टे, संग्रहालय, कला, स्थानीय उत्पादन, रोजगारी देख्न सक्छ त्यसैले एउटै सम्पदा कसैका लागि पुरानो संरचना हुन्छ भने कसैका लागि भविष्यको आर्थिक अमूल्य सम्पत्ति लाग्छ । यसर्थ तानसेनको एउटा चुनौती यही हो हामीसँग सम्भावना छ, तर सम्भावनाको मूल्याङ्कन गर्ने सामूहिक क्षमता अहिले सम्म पर्याप्त विकसित भएको छैन् । अब अर्को कारण "म गर्न सक्दिनँ, त्यसैले अरूले पनि गर्न सक्दैनन्" भन्ने मानसिकता हो । यसलाई गम्भीर समस्याको रुपमा लिइन्छ । विकासको अभ्यास र परिभाषामा एउटा महत्वपूर्ण कुरा ध्यान पुऱ्याउन जरुरी हुन्छ की, आफूले गर्न नसक्नु र काम नै गर्न नसक्नु एउटै कुरा होइन । अब यसलाई यसरी पनि हेर्न सकिन्छ,:

नगरपालिकाले कुनै परियोजना आफैं गर्न नसक्ला । स्थानीय व्यवसायीले ठूलो लगानी गर्न नसक्ला । कुनै व्यक्तिसँग प्राविधिक ज्ञान नहोला । कुनै संस्थासँग पर्याप्त बजेट पनि नहोला वा कुनै प्रवृतिले आफ्नो क्षमता नभएको कारण अर्को कुनै कोहीको क्षमता पनि हुँदैन भन्ने लाग्न सक्छ । तर त्यसको अर्थ अरू व्यक्तिले पनि गर्न सक्दैनन् भन्ने चाही होइन । यस्तो अवस्थामा यही ठाउँमा सार्वजनिक निजि साझेदारी, सहकारी, समुदाय, निजी लगानी, विश्वविद्यालय, गैरसरकारी संस्था, विकास साझेदार र विज्ञहरूको भूमिका आउँछ । यस्तो अवस्थामा तानसेनले एउटा नयाँ सोच विकास गर्नुपर्छ, "म गर्न सक्छु कि सक्दिनँ ?" भन्नु भन्दा पहिले "यो काम गर्न सक्ने व्यक्ति वा संस्था को हो ?" भनेर खोज्न सक्नु पर्दछ । यही सोचले शहरको विकासको ढोका खोल्न सक्छ । अहिलेको विकास अभ्यासमा यही पक्ष प्रमाणित भैसकेको छ । अर्को कारण हो तानसेनले बजार बुझ्दैन कि बजार बदलिएको बुझ्दैन ? आजको यो वैश्विक परिवेशमा बजार पहिलेको जस्तो छैन । पहिले बजारको परिभाषामा भन्नाले पसल, ग्राहक र किनबेच बुझिन्थ्यो । आज बजार भनेको,अभ्यास +अनुभव+उपलब्ध श्रोत+ब्रान्ड+डिजिटल पहुँच+गुणस्तर+विश्वास+कथा+सुविधा हो । तानसेनको पुरानो बजार आफैंमा एउटा प्रकृति,संस्कृति र सम्पदामा ब्रान्ड हो । तर त्यसका लागि पुरानो बजारलाई केवल व्यापारिक क्षेत्र मात्र होइन, जिवन्त सम्पदायुक्त बजारका रूपमा विकास गर्न सकिने सवल आधारहरु भएको बजार हो । यहाँ केही महत्वपूर्ण जिज्ञासाहरुलाई ध्यानदिन जरुरी छ त्यो भनेको पर्यटक तानसेन आएर के अनुभव गर्छ ? उसले पुरानो गल्ली देख्छ कि एउटा कथा अनुभव गर्छ ? उसले पसल देख्छ कि स्थानीय जीवनशैली अनुभव गर्छ ? उसले खाना खान्छ कि तानसेनको स्वाद सम्झेर फर्किन्छ ? उसले ढाका किन्छ कि "तानसेनको कथा" लिएर फर्किन्छ ? के करुवा मात्र किन्छ वा हेर्छकी अनूभूति गर्छ ? यही फरक आधुनिक पर्यटन बजारको आधार हो । यसको सम्वोधनमा हाम्रो चासोको स्तर मापन जरुरी छ । अर्को महत्वपूर्ण पक्ष भनेको सम्पदाको मूल्य नबुझ्नु ,ठूलो अवसर गुमाउनु हो । सम्पदा विकासको विरोधी होइन । सही ढंगले व्यवस्थापन गरिएको सम्पदा नै विकासको आधार बन्न सक्छ । तानसेनका पुराना घर, गल्ली, चोक, मन्दिर, परम्परा, जात्रा, ढाका, करुवा, स्थानीय खानपान, वास्तुकला र सांस्कृतिक अभ्यासलाई एकीकृत गरेर सम्पदामा आधारित अर्थतन्त्रको अवधारणा निर्माण गर्न सक्नु पर्दछ । सम्पदा संरक्षणको अर्थ सबै पुराना कुरा यथावत् राखेर शहरलाई संग्रहालय मात्र बनाउनु होइन । यसका लागि सम्पदा बचाउने+आधुनिक सुविधा दिने+स्थानीय अर्थतन्त्र चलायमान बनाउने हो । यदि एउटा पुरानो घरलाई होटल, जेरिटेज होमस्टे र क्याफे, संग्रहालय, कला केन्द्र वा सांस्कृतिक केन्द्रका रूपमा पुन:प्रयोग गर्न सकिन्छ भने त्यो सम्पदा पनि बच्ने र अर्थतन्त्र पनि चलायमान हुन्छ । त्यसैले प्रश्न "पुरानो जोगाउने कि नयाँ बनाउने ?" भन्ने मात्र होइन । यसको सही प्रश्न हो, "पुरानोलाई जोगाउँदै नयाँ अवसर कसरी सिर्जना गर्ने ?" भन्ने हो र हुनु पर्दछ । सम्पदामा आधारित पर्यटनको मूल्य नबुझ्नु पनि अर्को कारण हो । बुझ्नु भनेको जान्नु वा जानकारी राख्नु होइन, यो त व्यवहारमा देखिनु पर्दछ । तानसेनमा पर्यटनको सम्भावना छ भनेर मात्र पुग्दैन । पर्यटक किन तानसेन आउने ? कति दिन बस्ने ? के हेर्ने ? के खाने ? के किन्ने ? कहाँ बस्ने ? के अनुभव गर्ने ? पुन: वा फेरी किन आउने ? उल्लेखित यस्ता प्रश्नको उत्तर खोज्नुपर्छ । तानसेनलाई केवल "एक रात बस्ने ट्रान्जिट शहर" बनाउने कि गन्तव्य शहर बनाउने ? यो एउटा रणनीतिक प्रश्न मात्र होइन अत्यन्त महत्वपूर्ण पनि हो । तानसेन-रानीमहल, श्रीनगर, रिडी, गुफाचौर, पुरानो बजार, मन्दिर, संस्कृति, ढाका, करुवा, प्रकृति, पदयात्रा, स्थानीय खानपान, योग-वेलनेस, ग्रामीण अनुभवलगायतलाई जोडेर बहुआयामिक पर्यटनको उत्पादन बनाउन सकिन्छ । पर्यटकलाई "एक पटक हेर्न जाने ठाउँ" मात्र होइन, बस्न, अनुभव गर्न, खर्च गर्न र सम्झना लिएर फर्कन चाहने शहर बनाउनुपर्छ । इग्नोर गर्नुको अर्को मुख्य कारण आफ्ना नगर मानवश्रोतको सम्भावना नचिन्नु वा चिन्न नखोज्नु हो । कुनै शहरको सबैभन्दा ठूलो सम्पत्ति भवन होइन । त्यहाँको मानिस हो । तानसेनका युवाहरू, व्यवसायी, शिक्षक, स्वास्थ्यकर्मी, इन्जिनियर, कलाकार, उद्यमी, विदेशमा रहेका तानसेनवासी, विभिन्न क्षेत्रमा सफल व्यक्तिहरू लगायत यी सबै शहरका सम्भावित पूँजी हुन् । तर हामीले मानवस्रोतलाई अक्सर "मतदाता", "करदाता" वा "स्थानीय नागरिक"का रूपमा मात्र हेर्छौं । यो हेराइको अब दृष्टिकोण बदल्नुपर्छ । कसैसँग पैसा छ । कसैसँग ज्ञान छ । कसैसँग प्रविधि छ । कसैसँग सम्पर्क छ । कसैसँग व्यवस्थापन क्षमता छ । कसैसँग सिर्जनशीलता छ । यस्ता क्षमता सबैलाई जोड्न सकियो भने मानवपूजी संयन्त्र वा सञ्जाल बन्न सक्छ । यो नगरको थूलो पूँजि हो भन्ने बुझ्नु पर्दछ न की यस्ता पूँजीलाई हेरेसमेन्ट गर्ने, अवमूल्यन गर्ने, नजरअन्दाज गर्ने जस्ता अहंकारी र दम्भ मिश्रित नकारात्मक स्वभाव प्रदर्शन नगर्नु बेस हुन्छ । अब तानसेनले आफैंसँग सोध्नुपर्छ, "हामीसँग के छैन् ?" भन्दा पहिले "हामीसँग के-के छ ?" । यो प्रश्नले विकासको दिशा बदल्न सक्छ । विकासको दिशा बदल्ने दुरगामी सोच नै अहिलेको प्रमुख आवश्यकता हो । नहुने, गर्न नखोज्ने र अरुलाई अस्विकार गर्ने भन्ने कुरा अज्ञानताले मात्र हुँदैन । नियतको प्रति पनि प्रश्न उठ्छ । कहिलेकाहीँ सम्भावना देखेर पनि प्राथमिकता नदिनु नियतको प्रश्न बन्न सक्छ । तर यसलाई प्रमाणबिना व्यक्ति विशेषमाथि आरोप लगाउने विषय बनाउनु हुँदैन । बरु यसलाई संस्थागत रूपमा प्रश्न गर्नुपर्छ की निर्णय कसरी हुन्छ ? प्राथमिकता कसरी निर्धारण हुन्छ ? परियोजना किन छनोट हुन्छ ? लगानी किन आउँदैन ? निजी क्षेत्रसँग सहकार्य किन हुँदैन ? विज्ञको सुझाव किन प्रयोग हुँदैन ? पुरानो शहरको दीर्घकालीन योजना कहाँ छ ? नगरवासीले जानकारी किन प्राप्त गर्न सक्दैनन् ? पर्यटनबाट स्थानीय अर्थतन्त्रमा कति योगदान भयो ? मानवस्रोतलाई पहिचान गरी विकासमा कसरी जोडिएको छ ? यस्ता किसिमका पारदर्शी प्रश्नले नियतभन्दा ठूलो सत्य देखाउन सक्छ । तानसेनको सबैभन्दा ठूलो समस्या बजेट हो कि दृष्टिकोणको हो ? बजेट आवश्यक छ । तर बजेट मात्र विकासको आधार होइन । ठूलो बजेट भएर पनि स्पष्ट दृष्टिकोण नभए परियोजना छरिन्छन् । प्रभावहिन हुन्छन् । सानो बजेट भए पनि राम्रो दृष्टिकोण, संकल्प, प्राथमिकता, साझेदारी र व्यवस्थापन भए ठूलो परिणाम निकाल्न सकिन्छ । त्यसैले तानसेनलाई अहिले केवल "कति पैसा आयो, कति पैसाछ?" भन्ने प्रश्नभन्दा बढी, "पैसाले के परिवर्तन ग ऱ्यो ?" भन्ने प्रश्न चाहिएको छ ।

*-बाँकी तीन पेजमा...*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : नयाँ मानिससँग चिनजान बढ्नेछ। कुरा सीधा राख्दा लेनदेन सहज हुनेछ।
**वृष** : पैसाको हिसाब मिलाउन सकिनेछ। घरमा तपाईंको निर्णयलाई साथ मिल्नेछ।
**मिथुन** : कामको बाटो फराकिलो बनाउनेछ। प्राविधिक काम सहजै अघि बढ्नेछ।
**कर्कट** : आर्थिक बोझ घट्नेछ। निद्रा पूरा गर्नु स्वास्थ्यका लागि राम्रो हुनेछ।
**सिंह** : काममा आत्मविश्वास कम हुने छैन। तपाईंको निर्णयलाई सम्मान गर्नेछन्।
**कन्या** : कामको तरिका सुधारले समय जोगाउनेछ। नयाँ सीप सिक्ने रुचि बढ्नेछ।
**तुला**: सम्बन्धमा रहेको दूरी घट्नेछ। साझेदारीको काममा प्रस्ताव आउन सक्छ।
**वृश्चिक** : परिवारको जिम्मेवारी सम्हाल्नु पर्नेछ। अरुको दबाब नलिनु राम्रो हुन्छ।
**धनु** : कामले ध्यान तान्नेछ। यात्रामा उपयोगी व्यक्तिसँग भेट हुन सक्छ।
**मकर** : जिम्मेवारीमा क्षमता देखिनेछ। कामको परिणामले आत्मविश्वास बढाउनेछ।
**कुम्भ**: प्रविधिले काम सजिलो पार्नेछ। चिनजानबाट उपयोगी खबर आउनेछ।
**मीन** : कलाको काममा मन लाग्नेछ। शरीरले मागेको आराम पूरा गर्नुहोस्।




कथा — निरज आचार्य

# ऊ अर्थात् इन्जिनियर उमाकान्त

> *खेतको बीचमा उभिएको आँपको रुखमुनि पुगेर ऊ थचक्क बस्यो । यो रुखमुनि ऊ धेरैपटक बसेको छ–तनावमा, निराशामा, एक्लोपनमा । उसलाई लाग्छ, मानौँ उसले केही नभने पनि आँपको रुखले सबै बुझ्छ र चुपचाप ढाडस दिन्छ–'म छु नि ।' आज पनि त्यही भरोसाले ऊ त्यहाँ आएको छ । निजामती सेवाअन्तर्गत इन्जिनियर समूहमा जागिर खाने सपना थियो उसको । उसको मात्र के भन्नु–पूरै परिवारको । त्यो सपना, जसका लागि उसले वर्षौं संघर्ष गरेको थियो । परिस्थितिसँग लडेको थियो । इन्जिनियरिङ सकेको थियो र उमाकान्त महतोबाट 'इन्जिनियर उमाकान्त' बनेको थियो ।*

गोरखापत्रमा लोकसेवा आयोगको नतिजा हेर्दा उसलाई श्वास फेर्नै गाह्रो भयो। मन भक्कानियो । डाँको छोडेर रुन मन लाग्यो । स्थानीय बजारको पत्रिका पसलमा उसका हातखुट्टा लल्याकलुलुक भए । उभिरहन सकेन । कता जाऊँ, के गरूँ केही सोच्नै सकेन तर घर फर्किने मन भएन । अनमन्स्क भावमा उसले मोटरसाइकल स्टार्ट गऱ्यो र गाउँभन्दा अलि पर रहेको आफ्नै खेततिर लाग्यो, जहाँ ऊ अक्सर आफ्नो मनको भारी बिसाउन पुग्थ्यो । खेतको बीचमा उभिएको आँपको रुखमुनि पुगेर ऊ थचक्क बस्यो । यो रुखमुनि ऊ धेरैपटक बसेको छ–तनावमा, निराशामा, एक्लोपनमा । उसलाई लाग्छ, मानौँ उसले केही नभने पनि आँपको रुखले सबै बुझ्छ र चुपचाप ढाडस दिन्छ–'म छु नि ।' आज पनि त्यही भरोसाले ऊ त्यहाँ आएको छ । निजामती सेवाअन्तर्गत इन्जिनियर समूहमा जागिर खाने सपना थियो उसको । उसको मात्र के भन्नु–पूरै परिवारको । त्यो सपना, जसका लागि उसले वर्षौं संघर्ष गरेको थियो । परिस्थितिसँग लडेको थियो । इन्जिनियरिङ सकेको थियो र उमाकान्त महतोबाट 'इन्जिनियर उमाकान्त' बनेको थियो । तर आज उसको सामु एउटा विशाल प्रश्न तेर्सिएको छ– के ऊ साँच्चिकै इन्जिनियर भयो त ? इन्जिनियरिङको पढाइ सक्नु इन्जिनियर हुनु हो कि इन्जिनियरिङको अभ्यास गर्नु इन्जिनियर हुनु हो ? यतिबेला ऊसँग यसको उत्तर छैन । छ त केवल द्विविधा । उमाकान्त महतोको जन्म जनकपुरनजिकैको देहातमा भएको थियो । दुई-तीन बिघा पुस्तैनी जमिन, कच्ची घर र बुबाको कारखानाको जागिर । सम्पन्न त होइन, तर ठूलो अभाव पनि थिएन । तीन सन्तानमध्ये जेठो ऊ, सानैदेखि पढाइमा तेज। कक्षामा प्राय: पहिलो, दोस्रो वा तेस्रो हुन्थ्यो । गणितमा भने ऊ विशेष रूपमा अब्बल थियो । सायद त्यसैले होला, एक दिन स्कुलका प्रधानाध्यापकले उसका बुबालाई बोलाएर भनेका थिए– "तपाईंको छोरो एकदम चलाख छ । यो इन्जिनियर बन्न सक्छ ।" प्रधानाध्यापकले रोपिदिएको सपनाको बीउ उसका बुबाको रहरमा उम्रियो र उसको कलिलो दिमागमा झाँगियो । उसले एसएलसी प्रथम श्रेणीमा पास गऱ्यो । जनकपुरमा प्लस टु पढ्न थाल्यो । रहर त उसलाई काठमाडौं गएर पढ्ने थियो। सायद उसका बुबालाई पनि त्यही रहर हुँदो हो । तर अर्को एक छोरा र छोरीको शिक्षादीक्षा समेत गर्नुपर्ने अवस्थामा बाउ-छोराको त्यो रहरले पखेटा हाल्न पाएन । ऊ दैनिक एक घण्टा साइकल चढेर क्याम्पस आउजाउ गर्थ्यो। थकान हुन्थ्यो, तर सपनाले उसलाई थाक्न दिँदैनथ्यो । कहिलेकाहीँ ऊ कल्पना गर्थ्यो–सेतो हेल्मेट लगाएको, निर्माणाधीन सडकको छेउमा उभिएर निर्माण कार्यको निरीक्षण गरेको, साइट इन्चार्जसँग छलफल गरेको, ठेकेदारलाई निर्देशन दिएको । कहिले ठूलो सार्वजनिक भवनको नक्सा फैलाएर ओभरसियरलाई सम्झाउँदै गरेको । कहिले नेपाललाई प्रतिनिधित्व गरेर अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो अनुभव प्रस्तुत गरेको । तर एक दिन अचानक सपनामा बज्रपात भयो । कारखानामा काम गर्दै गर्दा ढलेका उसका बुबाको अस्पताल नपुग्दै मृत्यु भयो । बुबाको मृत्युसँगै उसको सपनाको पनि मृत्यु भयो । जलिरहेको चिताको छेउमा टुक्रुक्क बसिरहँदा उसले छुट्याउन सकेन–बुबाको पार्थिव शरीर बढी जलेको थियो कि उसको सपना । उसले छुट्याउन सकेन–ऊ के कारण बढी दु:खी थियो, बुबाको मृत्युले कि आफ्नो सपनाको अवसानले । बुबाको मृत्युसँगै ऊ अनायास किशोरबाट वयस्क भएको थियो। हुनुपरेको थियो । घरको जेठो छोरो जो थियो । उसको टाउकोमाथिबाट छत हराएको थियो र खुट्टामुनिबाट जमिन । घरको जिम्मेवारी उसकै काँधमा आयो । १२ कक्षापछि पढाइ रोकियो । भाइबहिनी सानै थिए । उनीहरूको स्कुल रोक्नु अन्याय हुन जान्थ्यो । 'बाबुपछिको दाजु' भन्ने त उखानै थियो । उसले इन्जिनियर बन्ने आफ्नो सपनालाई थाती राख्यो र गाउँकै प्राथमिक विद्यालयमा शिक्षकको करार जागिर खान थाल्यो । शिक्षक भएर थन्किनु उसलाई पटक्कै मन थिएन । कहिलेकाहीँ ऊ आमासँग गुनासो पनि गर्थ्यो । आमा भन्थिन्– "बेटवा, तोहर भाग्यमे एतबे लिखल रहल... भाग्यक लिखल टारल नहि जाए ।" यिनै दिनहरूबाट हो उसले आँपको रुखमुनि घण्टौं बिताउन थालेको । हो, भाग्यलाई दोष थोपर्दा उसलाई मन बुझाउन अलि सजिलो त हुन्थ्यो । तर आफ्नो भविष्यको निर्णय ऊ केवल भाग्यको हातमा सुम्पन कदापि तयार थिएन । ऊ आफ्नो भाग्य आफ्नै हातले लेख्न चाहन्थ्यो । उसले सपना थाती मात्र राखेको थियो, निमोठेको थिएन । त्यही सपनाको फेरो पछ्याउँदै ऊ कतार जाने निर्णयमा पुग्यो । बुबाको मृत्युपछि कारखानाबाट आएको केही रकम भाइबहिनीको पढाइका लागि आमाको नाममा मुद्दती खातामा राखेर बाँकी पैसाबाट उसले भिसा र टिकटको बन्दोबस्त गऱ्यो । आफ्नो भाग्य पुनर्लेखन गर्न ऊ कतारतिर हानियो । २०२२ को फुटबल विश्वकपका लागि बन्दै गरेका खेल संरचनाहरूको निर्माण साइटमा उसले लेबरको कामबाट सुरुवात गऱ्यो । पछि सहायक सुपरभाइजरसम्म भयो । लेबरको काम गर्दा उसको अपुरो इन्जिनियर बन्ने सपना बारम्बार सर्पझैँ फणा उठाएर उसलाई डस्न आउँथ्यो । हरेक दिन, हरेक संरचनाले उसको अधुरो सपना झकझकाइरहन्थ्यो । निर्माण कम्पनीमा कार्यरत इन्जिनियरहरूको स्थानमा ऊ कहिलेकाहीँ आफूलाई कल्पना गर्थ्यो र क्षणिक भए पनि रमाउँथ्यो । यिनै दिनहरूमा उसले आफ्नो सपनालाई पुनर्जीवन दिने निर्णय गऱ्यो । पाँच वर्षपछि, जब उसको भाइले एचए पढाइ सकायो र बहिनी पनि एसएलसी दिने भई, ऊ नेपाल फर्कियो–केही पैसा, केही अनुभव र केही थाती रहेको सपना लिएर । अर्को डेढ वर्षको तयारीपछि उसले अन्तत: इन्जिनियरिङमा नाम निकाल्यो । त्यो दिन, विश्वविद्यालयको प्रवेश परीक्षाको नतिजासूचीमा आृनो नाम देख्दा उसका खुट्टा लगलग कामेका थिए । आँखा रसाएका थिए । गला अवरुद्ध भएको थियो । आँखा त आज पनि रसाएका थिए–तर !!! घरव्यवहार सम्हाल्ने, कतारमा काम गरेर पढाइका लागि रकम जम्मा गर्ने र लामो अन्तरालपछि चार वर्षको पढाइ–यी सबैमा उसले आफ्नो उमेर गुमाएको थियो । इन्जिनियरिङ सकिँदा ऊ ३२ वर्षको भइसकेको थियो । इन्जिनियरिङ सकिएपछि लोकसेवाको तयारी । सरकारी इन्जिनियर बन्ने धुनमा उसले लोकसेवा दिनेबाहेक अरू कुनै काम गरेन । विगतका तीनवटा लोकसेवा परीक्षामा ऊ असफल भइसकेको थियो । चौथो प्रयत्नपछि ३५ वर्षे हदम्यादका कारण लोकसेवा दिने अवसर समाप्त भयो । यसरी फेरि उसको सपनाको अवसान भएको थियो । आँपको बोटमुनि बसेर ऊ सोच्दै छ–जीवनको हरहिसाब कहाँनेर बिग्रियो ? यदि बुबा बाँचेका भए ? के बुबाको रहरमा उम्रिएको सपना बुबाको प्रस्थानसँगै मासिएको हो त ? के उसकी आमा सही थिइन् ? के साँच्चै सबै कुरा भाग्यमै लेखिएको हुन्छ ? के मान्छेले जति नै 'ईश्वरको मृत्यु' को घोषणा गरे पनि नियतिको अगाडि मानिस निरीह छ ? कि मान्छेहरूको संघर्षका बाबजुद जीवन मानिसप्रति आंशिक रूपमा उदासीन रहिनै रहन्छ ? यदि होइन भने, उसले त्यत्रो संघर्ष गरेर, परिस्थितिसँग लडेर बदल्न खोजेको नियतिले फेरि एकपटक उसलाई उठ्नै नसक्ने गरी पछारेको छ । मान्छेले आफ्नो भाग्य लेख्छ कि ऊ केवल आफूलाई भाग्य लेखिरहेको छु भन्ने भ्रममा संघर्ष गरिरहेको हुन्छ ? तर यत्तिमै जीवन सकिएको पनि त हैन । भन्नेहरू त भन्छन्–जीवनको अर्थ अघि बढिरहनुमा निहित छ । तर कसरी अघि बढ्ने ? कुन दिशातिर ? के सही, के गलत ? यतिबेला ऊसँग कुनै समाधान छैन । छ त केवल जलेको सपनाको खरानी । ऊ केहीबेर त्यहीँ बसिरहन्छ । आँपको रुख चुपचाप उभिइरहेको छ । तर कताकता उसलाई लाग्छ–सायद रुखले अझै पनि त्यही भनिरहेको छ– "म छु नि ।" अनुत्तरित प्रश्न, भारी मन र गह्रौं खुट्टाहरू लिएर ऊ बिस्तारै उठ्छ । पर क्षितिजमा घाम डुब्नै लागेको छ ।

*-साहित्यपोष्ट डटकम*

हास्यव्यङ्ग्य — डा.रामकुमार पाँडे

# असफल नेताको सफल घोषणा

हे लाटालाटी लुलालङ्गडा, पटमूर्ख र पठमूर्खहरू हो हेर्दाहेर्दै देशमा पानी मरूवाको जनसङ्ख्या बढेको, भाउवेशाले जागिरे पेशामा मार परेको, सज्जन, भद्रजन लडेको, ल्वाँठ लठैत माथि चढेको, नेतृत्व गर्नेको दिमाग सढेकोले बाध्य भएर देश हैन देशवासीलाई नेता असफल भएको सफल घोषणा गर्न गइरहेको छु । सफललाई असफल पार्नमा सघाउने हरूवा चरूवा पानी मरूवालाई अघाउने गरी बधाइ ज्ञापन गर्दैछु । असफललाई सफल पार्ने कार्यक्रम अगाडि ल्याएको छु । मन्त्रालयको व्यापक हेरफेर गरेर द्वन्द्व, बन्द र गन्ध त्रि-मन्त्रालय खडा गरी यसलाई अझ अघि बढाउने र एकापसमा लडाउने महामन्त्री नियक्त गरिएको छ । द्वन्द मन्त्रालयको कार्यक्षेत्र जोइपोइको झगडादेखि दलले फलमा बल गर्ने भागबण्डामा डण्डा चलाउने अधिकार दिइएको छ । मेरो गोरूको बाऱ्है टक्का एवं झुट बोल्ने छुटका अतिरिक्त लूट खुलेआम गर्ने व्यवस्था मिलाइएको छ । बन्द मन्त्रीले बाटोबन्द, नेपाल बन्ददेखि ढोका बन्द र नियोजनका बन्ध्याकरणको जिम्मा दिँदै चित्त नबुझेमा आँखाबन्द गर्ने तर मुख बन्द नगर्ने निर्णय गरिएको छ । बन्ध व्यापार एवं कमिशन नआउने काम बन्द र आफूलाई नोक्सान पर्ने परिबन्दमा बन्दोबस्ता मिलाउनु एकमतले सहमत गर्ने निर्णय भएको छ । गन्ध मन्त्रालयले काठमाडौँको बिग्रेको वायु देखि अपचले छोडिने अमानवायु जम्मा गरी कुमन्त्रीहरूको ग्याँस आपूर्ति हुनेछ । गन्ध बन्द भएमा नगरका वासिन्दा बाँच्न नसक्ने भएकाले जतिसक्दो फोहर थुपार्ने काम सम्बद्ध मन्त्रालयलाई प्रदान गरिएको छ । बुद्धिजीवीहरूको दिमागमा गोवर भरिँदै गएकामा खुशी प्रकट गर्दै यसलाई मलका रूपमा प्रयोग गरी दुनियाँलाई दङ्गदास पारिनेछ । दिमागमा गोबर भरिँदै गएका सांसद, मन्त्रीदेखि नेताहरूको टाउका माथि थप जीवजन्तुको लिदी हालेर लिदिनै बढाउने प्रविधिबाट देशमा हाइसन्चो हुने हुँदा कुकुर, मुसा, गधा, भालु आदिको सङ्ख्या बढाउन बल गरिनेछ । अब उप्रान्त प्रशासनलाई बलियो बनाउन एउटा सचिवबाट काम नचल्ने देखिँदा अनुकूल र प्रतिकुल दुई दुईजना सचिव, निर्देशकदेखि हेडमास्टर र ढोल पिट्ने बेन मास्टर खटाइने र काम पटाइने काम हुनेछ । एउटाले भन्या नटेरे अर्काले गर्न बाध्य पारिनेछ । घूसको भत्ता व्यवस्था त्रिपक्षीय वार्ताबाट मिलाइनेछ । डबल नियुक्ति पाउनेले नियुक्ति पत्र पाउनेबित्तिकै कार्यालयको कुर्सीमा दौडेर पहिला पुग्नेलाई कुर्सीमा पदस्थापन गरिनेछ । देशमा वन मासिँदै गएकाले हरियो देख्न नपाइने गुनासोलाई सरल उपायबाट जनतालाई राहत दिन हरियो चस्मा वितरण गरिनेछ । देशमा शान्ति भएन र असफल भयौं भन्नेहरूका लागि अति उत्तम उपाय अपनाइनेछ । जो शान्ति माग्न आउँछ उसलाई श्रीमतीको नाम फेरेर शान्ति राखि शान्तिसँग बस्न बाध्य पारिनेछ । अविवाहितलाई शान्तिका लागि एकान्तमा बस्न, उठ्न सुत्न सुरक्षा प्रदान गरी स्वतन्त्र रूपमा लठ्याउने औषधि प्रयोगमा पनि छुट हुनेछ । बाँकीलाई शान्तिवाटिका स्वरूप सार्वजनिक स्थलमै खुला विचरण आचरण गराइनेछ । शान्ति सुरक्षाको जिम्मा चोरलाई साँचो सुम्पने नीति अख्तियार गरी जेल परेका र पर्ने आचरण गरेकालाई बाहिर छोडिनेछ । शान्ति सुरक्षामा लागेकालाई चोरको जिम्मेवारी सुम्पिइनेछ । दल दलका बुद्धिजीवीले आृनो बुद्धि प्रयोग गर्न नसकेको असक्त अवस्था सुधारका लागि बेवकूफलभन्दा दलदलले नै हण्डी स्वरूप बाँड्न बाध्य पारिनेछ । यसरी ख्वाइने र पाइने हण्डी नेतादेखि कार्यकर्तासम्म आयकर लाग्नेछैन । बरू कर आय हुनेछ । सबै सफललाई असफल र असफललाई सफल पार्न मन्त्री र मन्त्रालय हेरफेर र फेरहेर गरिनेछ । विद्युत्मा विरोध बढेकाले लोडसेडिङ मन्त्री नियुक्ति गरिएको छ । पानी खुवाउन नसक्ने पानीमरूवा जलमन्त्रीलाई मलस्रोत मन्त्री बनाइएको छ । मान्छे मर्नेभन्दा मार्ने बढेकाले मलामी मन्त्री नियुक्त गरिएको छ । देशमा सजिलो आम्दानीको स्रोत विचार गरी लूटपाटलाई सङ्गठित रूप दिनुका अतिरिक्त सुरक्षा निकायबाटै चोरलाई सुरक्षा दिने व्यवस्था सुरू गरिएको छ । सबै व्यापार फेल भएकाले बढी आम्दानी भित्र्याउने लागू औषध व्यापारमा प्रोत्साहन गर्न सबै सम्बद्ध मन्त्रीले लागू औषधि खाएको अभिनय गर्न सिकाइनेछ । बेकारी बढेकाले त्यसलाई रोजगारी स्वरूप राजनीतिक नियुक्ति पाउने टिके हाकिम, प्राज्ञ, कवि, कलाकार सबैलाई विभेद विना आ-आृनो क्षत्रेमा भ्यासेक्टोमी कार्य गर्न खटाइनेछ । दलका नेताहरूमा कुकुरको स्वभाव देखिएकाले रेविज कन्ट्रोलका लागि पशु चिकित्सालय बढाउने निर्णय जनतालाई सुम्पनु पर्ने र प्रधानमन्त्री चुन्न कठिन परेकाले उपाय पत्ता लगाउनेलाई नै प्रधानमन्त्रीको कुर्सी हस्तान्तरण पुरस्कार स्वरूप प्रदान गरिनेछ । यसरी जनताले असफलमा सफल नेतालाई अबको आन्दोलनमा सहिदको सङ्ख्या घटाउने गरी नेता नेतालाई नै घाँटीमा इजार कस्ने र हात खुट्टामा फलामको चूरा बस्ने गरी बाटा दोबाटामा जिउँदो सहिद स्वरूप प्रदर्शन गरी असफललाई सफल गरिनेछ । नेताको कठालो समाउने काम नेतालाई नै सुम्पिएको छ । असफल नेताको सफल घोषणामा विश्वास नलागे आन्दोलनमा भाग नलिने जनता जमातलाई सोध्नु होला । यो असफल नेतालाई सफल बनाउने घोषणा हो । नसंशय ।


*-समकालिन साहित्य डटकम*

# तानसेनले आफ्नै सम्भावना...

...सोचौं यदि यस्तै भइरह्यो भने तानसेनको भविष्य के होला ? यो सबैभन्दा महत्वपूर्ण प्रश्न हो । यदि तानसेनले आफ्नो बजार बुझेन, सम्पदाको मूल्य बुझेन, पर्यटनको सम्भावना बुझेन र मानवस्रोतको शक्ति परिचालन गर्न सकेन भने शहर विस्तारै सम्भावना भएको तर सम्भावना उपयोग गर्न नसकेको शहर बन्न सक्छ । युवाहरू बाहिरिन्छन् । व्यापार कमजोर हुन्छ । पुराना घर जीर्ण हुन्छन् । पर्यटक आउँछन् तर लामो समय बस्दैनन् । स्थानीय उत्पादनको बजार घट्छ । शहरको आर्थिक गतिविधि कमजोर हुन्छ । र अन्तत: इतिहासमा गर्व गर्ने विषय मात्र बन्छ । तानसेनको अगाडी उभिएको सबैभन्दा ठूलो खतरा यही हो । तानसेन इतिहासमा ठूलो वजनदार भन्ने रहन सक्छ, तर भविष्यमा सानो बन्न सक्छ । तर यसको भविष्य निराशाजनक भने छैन है । किनकि तानसेनसँग एउटा ठूलो फाइदा छ, त्यो हो पहिचान जुन अहिले सम्म जीवित छ । अझै पुरानो शहर छ । अझै संस्कृति छ । अझै सम्पदा छन् । अझै पुरानो मध्यकालिन बजार संरचना स्वरुपको बजार छ । अझै प्रकृति छ । अझै सिर्जनशील मानिस छन् । अझै युवाहरू छन् । अझै तानसेनप्रति माया गर्ने ठूलो समुदाय छ । अब आवश्यकता एउटै हो, सम्भावना देख्ने दृष्टि । तानसेनले आफूलाई गरीब स्रोत भएको शहर होइन, धेरै प्रकारका सम्पत्ति भएको शहर भनेर हेर्नुपर्छ । यसर्थ, अब तानसेनले पाँचवटा प्रश्न सोध्नुपर्छ । पहिलो प्रश्न, हाम्रो बजारको विशेषता के हो ? दोश्रो प्रश्न, हाम्रो सम्पदाको आर्थिक र सांस्कृतिक मूल्य कति छ ? तेश्रो हो, पर्यटनबाट स्थानीय नागरिकले कसरी आम्दानी गर्छन ? चौथो हो, हाम्रो मानव पूजि कहाँ छ र त्यसलाइ कसरी जोड्ने ? पाचौं हो, हामीले आज गरेको कामले १० वर्षपछि टान्सेनलाई कहाँ पुऱ्याउँछ ? यी प्रश्नको इमानदार उत्तर खोज्न थालियो भने टान्सेनको विकास बहसको डिष्कोर्ष नै बदलिन्छ । यसको निष्कर्ष के हो भने तानसेनलाइ व्यक्ति होइन, दृष्टिकोण चाहिएको छ ।

तानसेनको समस्या केवल पैसा, सडक वा भवनको होइन । यहाँ पनि दृष्टिकोणकै समस्या हो । तानसेनले अब "हामीसँग छैन?" भनेर गुनासो गर्ने शहरबाट, "हामीसँग के छैन र त्यसलाई कसरी संसारसम्म पुऱ्याउने?" भन्ने संकल्प गरेको शहर बन्नुपर्छ । यसमा हामीले स्वीकार गर्नुपर्छ की म गर्न सक्दिनँ भन्नु कमजोरी होइन । तर गर्न सक्ने मान्छे खोज्न नसक्नु कमजोरी हो । कुनै एउटा व्यक्तिले सबै काम गर्न सक्दैन । कुनै एउटा संस्था पनि सबै कुरा गर्न सक्दैन । तर शहरका सबै शक्ति जोडिए भने असम्भव देखिएका काम पनि सम्भव हुन सक्छन् । त्यसैले तानसेनलाई अहिले सबैभन्दा बढी चाहिएको कुरा शायद नयाँ भवन होइन, नयाँ माइण्डसेट हो । बजारलाई बजारका रूपमा होइन, अर्थतन्त्रका रूपमा बुझौं,सम्पदालाइ सम्पत्तिका रूपमा बुझ्छौं पर्यटनलाई लाई पाहुना ल्याउने काम होइन, स्थानीय अर्थतन्त्रको इन्जिनका रूपमा बुझ्छौं , मानवशक्तिलाइ नगरका जनसंख्या मात्र होइन, पूँजीका रूपमा बुझ्छौं र आृना कमजोरीलाई ढाकछोप नगरीकन सुधार गर्नुपर्ने विषयका रूपमा बुझ्छौं । तानसेनले यदि आृनै सम्भावना चिन्न सकेन भने समयले त्यसको मूल्य घटाउँदै लैजान सक्छ । तर तानसेनले आजै आृनो सम्भावना चिन्न थाल्यो भने , इतिहास बोकेको शहर मात्र होइन, इतिहासबाट भविष्य निर्माण गर्ने शहरको रुपमा पहिचानमा आउन सक्छ । अन्तत: प्रश्न यो "तानसेनले किन इग्नोर गर्छ?" भन्दा अझ ठूलो प्रश्न हो– "तानसेनले आफूभित्र रहेको सम्भावना कहिले चिन्छ ?" किनकि सम्भावना नदेख्ने शहर पछाडी पर्छ सम्भावना देखेर पनि उपयोग नगर्ने शहर झन् ठूलो अवसर गुमाउँछ । यसर्थ तानसेनका लागि अब समय आएको छ, आफ्नो इतिहास पढ्ने, आफ्नो वर्तमान बुझ्ने, आफ्नो सम्भावना चिन्ने र आफ्नै भविष्य आफैं बनाउने । तानसेनलाई अब केवल गौरवको कथा होइन, सम्भावनालाई परिणाममा बदलेको नयाँ कथा चाहिएको छ । अन्तमा, तानसेनमा इग्नोर होइन इन्टरनलाइज गर्ने, म होइन हामी भन्ने र जनशक्ति पहिचान र परिचालन गर्ने सोच चाहिएको छ ।

# बाढीमा बेपत्ता न्यौपानेको कुशको शव बनाएर दाहसंस्कार



**पाल्पा,** असोज ७/रसुवाको भोटेकोशी बाढीमा बेपत्ता भएका बगनासकाली गाउँपालिका-५, दर्लमडाँडाका किशोर न्यौपाने क्षेत्रीको बुधबार कुशको शव बनाएर दाहसंस्कार गरिएको छ । बेपत्ता भएको २९ दिनमा न्यौपानेको अत्तोपत्तो नभएपछि निराश भएका आफन्तले कुशको शव बनाएर हिन्दु परम्परा अनुसार राम्दीघाटमा अन्तिम बिदाइ गरेका हुन् ।

न्यौपानेको खोजीमा परिवारले अनेक प्रयास गरेका थिए । २९ दिनसम्म कतैबाट सास र लास पाइने यकिन नभएपछि अन्तिम संस्कार गर्नु परेको बगनासकाली गाउँपालिका प्रवक्ता तथा वडा नं. ३ का वडा अध्यक्ष टिका बहादुर थापाले बताए । न्यौपाने रसुवागढी हाइड्रोपावरमा इञ्जिनियरका रुपमा कार्यरत थिए ।

भोटेकोशी बाढीमै बेपत्ता हुनुभएका रिब्दीकोट गाउँपालिका-३ का विकास नेपाल, तिनाउ गाउँपालिका-२, झ्याङ्ला चिसापानीका ३४ वर्षीय रमेश थापा, तानसेन नगरपालिका-७, लामडाँडाकी ३५ वर्षीया निलम कार्की र तानसेन नगरपालिका-३, बसन्तपुर (कालीगण्डकी गाउँपालिका-३, वइघा, स्याङ्जा) का तिलबहादुर रानाको परिवारले कुशको शव बनाएर दाहसंस्कार गरिसकेका छन् । बाढीका कारण सम्पर्कविहीन भएका पाल्पाका ११ जना मध्ये नेपाल प्रहरीमा कार्यरत तानसेनका दीपेन्द्र विष्टको मात्रै शव पहिचान भएको छ । सम्पर्कविहीन भएका रैनादेवी छहरा गाउँपालिका -१ का सशस्त्र प्रहरी जवान आन बहादुर कुमाल, रिब्दीकोट -५ का कृष्णबहादुर बस्याल, निस्दी-३ का बोम बहादुर सोमै, रामपुरका -७ का रामु सुति र रामपुर -७ कै अमृत सुतिको परिवारले भने अझै आउने आशामा बसेका छन् ।

## तीन दिन भारी वर्षाको...

...देशका अधिकांश भू-भागमा भारी वर्षाको सम्भावना रहेकाले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको तयारीस्वरूप पूर्वसूचना प्रणालीलाई चुस्त बनाइएको हो । जल तथा मौसम विज्ञान विभाग र बाढी पूर्वानुमान महाशाखासँग निरन्तर समन्वय गरी नदीहरूको जलसतह र जोखिमको अवस्था 'रियल टाइम' मा निगरानी गरिने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । प्राधिकरणले सम्भावित बाढी खतराको तहमा कहिले पुग्छ र त्यसले कस्तो प्रभाव पार्न सक्छ भन्ने प्राविधिक विश्लेषण गरी हरेक घण्टा सूचना अद्यावधिक गर्ने छ । समुन्द्रमा बन्ने ठूलो आँधी (साइक्लोन) प्रणाली र त्यसको दिशा परिवर्तनको सम्भावनालाई प्राधिकरणले प्रत्यक्ष निगरानी गरिरहेको छ । पहिरोको सम्भावित जोखिमलाई ध्यानमा राखी देशका मुख्य राजमार्गहरूमा तत्काल सडक खुलाउन डोजरहरू 'स्ट्यान्डबाई' राखिएको छ । यस्तै, वर्षाले कृषि क्षेत्रमा ठूलो क्षति पुऱ्याउन सक्ने भएकाले खेतमा पाकेको धानबाली र भण्डारण गरिएको अनाज संरक्षणमा विशेष सतर्कता अपनाउन किसानहरूलाई आग्रह गरिएको छ । प्राधिकरणले बाढीको समयमा भिडियो खिच्न, टिकटक बनाउन वा सामाजिक सञ्जालमा सामग्री राख्न आफैं ज्यान जोखिममा नपार्न सर्वसाधारणलाई कडा चेतावनी दिएको छ । बाढीले बगाएर ल्याएका दाउरा वा अन्य सामग्री संकलन गर्न खोलामा पस्ने प्रवृत्ति जोखिमपूर्ण हुने भन्दै यस्ता गतिविधि नगर्न उप्रेतीले आग्रह गरे ।


हाल देशभरका सुरक्षा निकायलाई 'हाई अलर्ट' मा राखिनुका साथै ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी (सिडिओ) हरू सम्मिलित कमाण्ड पोस्टमार्फत मौसमी अवस्थाको प्रत्यक्ष निगरानी र प्रतिकार्यको तयारी तीव्र पारिएको छ ।

## भोटेकोशी बाढीपीडितका लागि...

...त्यस्तै, माथागढी गाउँपालिकाले ३४ लाख ४६ हजार रुपैयाँ राहत प्रदान गर्ने निर्णय गरेको छ । उसले स्थानीय विपद् व्यवस्थापन कोष, जनप्रतिनिधि, कर्मचारी तथा शिक्षक प्रतिनिधिको तलबबाट उक्त राहत रकम सहयोग गर्ने भएको हो । तिनाउ गाउँपालिकाले ३२ लाख १४ हजार रुपैयाँ पठाउने निर्णय छ । स्थानीय विपद् व्यवस्थापन कोषबाट तीन लाख, जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकबाट २५ लाख १४ हजार र तीज कार्यक्रमको बजेट कटौती गरी ४ लाख राहत स्वरुप पठाउने निर्णय भएको पालिकाले जनाएको छ । यस्तै रिब्दीकोट गाउँपालिकाले ३१ लाख ५० हजार जम्मा गर्ने निर्णय गरेको छ । गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट १ लाख ५० हजारका साथै गाउँपालिकामा कार्यरत सबै जनप्रतिनिधि, कार्यालय तथा मातहत, स्वास्थ्यलगायत शिक्षक र कर्मचारीको मासिक तलबबाट रकम कोषमा जम्मा गर्ने निर्णय गरेको गाउँपालिकाले जनाएको छ । यस्तै पूर्वखोला गाउँपालिकाले २९ लाख ७५ हजार ९ सय ७२, बगनासकाली गाउँपालिकाले दुई लाख ५० हजार, रामपुर नगरपालिकाले दुई लाख ५० हजार, रम्भा गाउँपालिकाले दुई लाख ५० हजार र निस्दी निस्दी गाउँपालिकाले एक लाख रुपैयाँ कोषमा जम्मा गर्ने निर्णय गरेका छन् । रामपुर नगरपालिकाले प्रत्येक वर्ष गर्दै आएको उपप्रमुख तीज विशेष कार्यक्रम स्थगित गरी उक्त कार्यक्रमका लागि विनियोजन गरेको बजेट बाढीपीडितलाई सहयोग गर्ने भएको हो । तानसेन नगरपालिकाले पनि जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकको तलब तथा सुविधाबाट रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने निर्णय गरेको छ । जनप्रतिनिधिको मासिक सुविधाको २५ प्रतिशत र कर्मचारीको सचिवस्तरीय निर्णय अनुसार तलवबाट कट्टा गरी रकम सहयोग गर्ने निर्णय भएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए ।

### खेलकुद समाचार

## नेपालका लागि तेन्जिङले जिते पहिलो पदक




**काठमाडौं,** असोज ७/ जापानमा भैरहेको २०औं एशियाली खेलकुदमा करातेका तेन्जिङ शेर्पाले नेपाललाई पहिलो पदक दिलाएका छन् । तेन्जिङले तोयोहाशी जिम्नेजियममा बुधबार भएको खेलमा लाओसका सायासान भाथानालाई रिपिचेजमा पराजित गर्दै कास्य पदक जितेका हुन् । तेन्जिङले १ इप्पोनसहित ९ स्कोर गरेका थिए । तेन्जिङले खेल ९-१ ले आफ्नो पक्षमा पारेका हुन् । यसैबीच एशियाली खेलकुदमा नेपाली महिला कबड्डी टोलीले बुधबार चाइनिज ताइपेइसँग खेल्दैछ । खेल बेलुका पौने ५ बजे हुनेछ । बुधबारको खेल जिते नेपाल सेमिफाइनलमा पुग्ने सम्भावना बलियो हुनेछ । साथै सेमिफाइनलमा पुग्ने टोलीले कम्तीमा कास्य पदक जित्नेछ । त्यसैले बुधबारको खेल नेपालको लागि निकै महत्वपूर्ण रहेको छ । नेपालले मंगलबार समूह चरणको खेलमा थाइल्यान्डलाई हराउँदै विजयी शुरुआत गरेको थियो । नेपाल रहेको समूहमा चाइनिज ताइपेइ, श्रीलंका र थाइल्यान्ड छन् । अर्को समूहमा इरान, भारत, बङ्गलादेश र जापान छन् । नेपालले भोलि समूह चरणको अन्तिम खेलमा श्रीलंकासँग खेल्नेछ । सन् २०१९ मा चीनको हाङ्झाउमा भएको एसियाली खेलकुदमा कास्यपदक जितेको नेपाली महिला कबड्डी टोलीबाट यसपटक पनि पदकको आशा गरिएको छ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## सेयर बजारमा उच्च अंकको गिरावट



**पाल्पा,** असोज ७/ सेयर बजारमा उच्च अंकको गिरावट आएको छ । साताको तेस्रो सेयर कारोबार दिन बुधबार नेप्से परिसूचक ३६ दशमलव २५ अंकले घटेसँगै सेयर बजारमा गिरावट आएको हो ।

नेप्से घटेसँगै २ हजार ६ सय १८ दशमलव ३ विन्दुमा अडिएको छ । अघिल्ला ३ कारोबार दिन लगातार नेप्से बढेको थियो । बुधबार कारोबारमा आएका १३ वटै उपसमूहको परिसूचक घटेपछि नेप्सेमा उच्च गिरावट आएको हो । अघिल्लो दिनको तुलनामा यो १ दशमलव ३६ प्रतिशतले घटेको हो । नेप्से घटेसँगै कारोबार रकममा पनि मंगलबारको तुलनामा कमी आएको छ । मंगलबार ७ दशमलव ०६ अंकले बढेको सेयर बजारमा ७ अर्ब रुपैयाँ बढिको कारोबार भएको थियो । यसदिन ३५२ वटा स्क्रिप्सको २ करोड १६ लाख २२ हजार ७२८ कित्ता सेयर ६ अर्ब ३५ करोड ६६ लाख ११ हजार ३९५ रुपैयाँमा खरिदबिक्री भए । कारोबारमा आएकामध्ये २३ वटा स्टक्सको मूल्य बढ्दा २५३ वटाको घट्यो । बाँकी २ स्टक्सको मूल्य भने स्थिर रह्यो । धौलागिरी लघुवित्त वित्तीय संस्थाको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो। फस्ट माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्थाको सेयर ८ दशमलव ५४ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा रह्यो। सो कम्पनीले ३८ करोड मूल्य बराबरको कारोबार गर्यो । रिलायन्स स्पिनिङ्गस मिल्सले २१ करोडको कारोबार गर्दा हिमालयन डिस्टिलरीको २० करोड,लक्ष्मी सनराइज बैंकले १८ करोड र आँखु खोला जलविद्युतले १७ करोडको सेयर कारोबार गरे ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक खालीवन गा.वि.स.-१, हाल रामपुर नगरपालिका-८ निवासी भारतिय भू.पू.सैनिक नं. 5448661 A का HAV पूर्ण चन्द्र श्रेष्ठ (ना.प्र.मा पूर्ण चन्द्र श्रेष्ठ) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा रुप कुमारी प्रधान र जन्म मिति सन् १९६७ फेब्रुअरी २२ (वि.स.२०२३/११/१०) र नेपाली नागरिकता प्रमाणपत्रमा रुप कुमारी श्रेष्ठ प्रधान, जन्म मिति वि.स. २०२३/०४/२३ (सन् १९६६ अगष्ट ७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

मनको आवाज..........

'नाम पनि युनिक, काम पनि युनिक'

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई